# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७८

## कमलबजार नगरपालिका
## अछाम




महालेखापरीक्षकको कार्यालय
काठमाण्डौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यवसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal


**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

**(लुम्बीनी, कर्णाली र सूदुरपश्चिम प्रदेश)**

प.सं. २०७८।७९ मितिः२०७८।५।४

च.नं ६४

श्री प्रमुखज्यू,

कमलबजार नगरपालिका, अछाम ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखपारीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

..................................

**( नारायण एम.सी. )**

नायब महालेखापरीक्षक

***बोधार्थः***

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**

**सिंहदरवार, काठमाडौं** — प्रतिवेदन संलग्न छ ।


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np



"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
**(लुम्बीनी, कर्णाली र सूदुरपश्चिम प्रदेश)**

प.सं. २०७८।७९ मितिः २०७८।५।४

च.नं ६५

श्री प्रमुखज्यू,
कमलबजार नगरपालिका, अछाम ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले कमलबजार नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यस संग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्तगर्ने आधार**

१. लेखापरीक्षणबाट रु २ करोड ६७ लाख २ हजार बेरुजू देखिएको छ । सोमध्ये असुलगर्नुपर्ने रु. ३३ लाख ६० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १ करोड ६६ लाख ८८ हजार, नियमित गर्नुपर्ने रु. ६२ लाख १९ हजार र म्याद नाघेको पेश्की बाँकी रु ४ लाख ३५ हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।१।२४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन चौबिस (२४) यसैसाथ संलग्न छ ।

३.आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सगं सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्तगर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np


"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

...............................

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# कमलबजार नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७६।७७

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १० वडा, ५५ सभा सदस्य, १२०.७८ वर्ग किलोमिटर क्षेत्रफल तथा ३०४०० जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोषः** आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

| सि.नं | आय तर्फ | | | सि.नं | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १४०९०२४३.७० | १ | **चालु खर्च** | | २५६८२३४६१.७५ |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | | १४१९९१४६३.०७ |
| | ख) बैंक (मूल खाता ) | ११७२६४७८.७ | | ३ | **कोरोना रोकथाम तथा नियन्त्रण** | | ८८१३८११.७५ |
| | (ग) धरौटी | २३६३७६५.० | | ४ | **वित्तिय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व ( आन्तरिक आय)** | | ५८३३७९५६.७९ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | २६८०१९९.० | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड (संघ र प्रदेश) | ५५६५७७५७.७ | | | ग) अन्य भुक्तानी | | |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | ३०२६००४३५.२५ | ५ | **लगानी** | | |
| | क) वित्तिय समानीकरण अनुदान | ९२६०००००.० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | १९६०००४३५.२ | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | ०.० | | ६ | **विषयगत निकायको खर्च** | | ९८६२३९६९.०० |
| | घ) विशेष अनुदान | १४००००००.० | | | सामाजिक सुरक्षा कार्यक्रम | ८७६८९६००.० | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | २९२६३०००.०० | | गरिव संग बिशेश्वर कार्यक्रम | २४५०००.० | |
| | क) वित्तिय समानीकरण अनुदान | ६८७२०००.० | | | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ९००००००.० | |
| | ख) सशर्त अनुदान | १४०२०००.० | | | बहुक्षेत्रिय पोषण कार्यक्रम | ७२१०००.० | |
| | ग) समपुरक अनुदान | १०८४९०००.० | | | राष्ट्रिय परिचय पत्र पँञ्जिकरण (चालु) | ७८४४८०.० | |
| | घ) विशेष अनुदान | ७५०००००.० | | | राष्ट्रिय परिचय पत्र पँञ्जिकरण (पूजीगत) | १८३८८९.० | |
| | (ङ) कोरोना रोकथाम तथा राहात वितरण | २६४००००.० | | ७ | **धरौटी फिर्ता** | | ११८०४४१.०० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | ८ | **जनश्रमदान फिर्ता** | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **६** | **अन्य** | | १२१२४५९१.५० | ९ | **कोष फिर्ता खर्च** | | |
| | क) क्षेत्रीय शहरी विकास योजना | | | | **मौज्दात** | | १९२६४९०७.९० |
| | ख) सडक बोर्ड नेपाल | ४६२४००३.० | | | क) बैंक मौज्दात | | |
| | ग) पर्यटन बोर्ड नेपाल | | | | (१) संचित कोष | १२२७३१४९.८ | |
| | घ) एन एनएस डब्लु ए | | | | (२) प्रकोप व्यवस्थापन कोष खाता- | ६८३७५४२.२ | |
| | (ङ) खानेपानी तथा सरसफाइ (युनिसेफ) सिधै भू.) | ४४०९५००.० | | | (३) बिबिध खर्च खाता- | ९६६१५.८ | |
| | (च) PLGSP IT को ७५% तलव (सिधै भु.) | १४४९६३.५ | | | ४) कर्मचारी कल्याण कोषखाता | ५७६००.० | |
| | (छ) संघीय सरकार कोरोना रोकथाम अनुदान | २९४६१२५.० | | १० | (ग) नगद मौज्दात | | |
| **७** | **विभिन्न कोषतर्फको आय** | | ६८१२१४.९३ | **११** | **शसर्त अनुदान फिर्ता** | | |
| | **पुरानो विभिन्न कोषको रा.वा.बैंक बाट सँचितकोषमा प्राप्त** | ६२३६१४.९ | | **१२** | **गत बर्षको बढी अल्या** | | |
| | **कर्मचारी कल्याण कोष** | ५७६००.० | | **१३** | **जनश्रमदान मौज्दात** | | |
| **८** | **जनसहभागिता (नगद)** | | | **१४** | **धरौट मौज्दात** | | ४३७५२६०.१७ |
| **९** | **विषयगत निकायबाट प्रास** | | ९८६२३९६९.०० | १५ | **कोष खाताको मौज्दात** | | |
| | सामाजिक सुरक्षा कार्यक्रम | ८७६८९६००.० | | | | | |
| | गरिव संग बिशेश्वर कार्यक्रम | २४५०००.० | | | | | |
| | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ९०००००००.० | | | | | |
| | बहुक्षेत्रिय पोषण कार्यक्रम | ७२१०००.० | | | | | |
| | राष्ट्रिय परिचय पत्र पँञ्जिकरण | ९६८३६९.० | | | | | |
| **१०** | **धरौटी आय** | | ३१९१९३६.१७ | | | | |
| **१२** | **अन्य विविध आय** | | १२१५९९६७.३० | | | | |
| | १.पिसिआर मेशिन स्थापना सहयोग ढकारी गा.पा. | १००००००.० | | | | | |
| | २.कोरोना रोकथाममा विभिन्न व्यक्ति संस्थाको सहयोग | ६०४३३८.० | | | | | |
| | **३.प्रकोप व्यवस्थापन कोष आन्तरिक विनियोजन** | १०५५५६२९.३ | | | | | |
| | **जम्मा** | | ५३१०७३३१४.६४ | | **जम्मा** | | ५३१०७३३१४.६४ |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • **वित्तीय विवरण विश्लेषण** | |

**१.** **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

- स्थानीय तहले बैंक समायोजन हिसाब खाता तयार गरेको छैन। स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातमा रु २५८१७५८८.९४ फरक देखिएको छ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले २०७६।२।१९ मा तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

**२.** **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

**३.** **बैक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ ।सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान तयार गरेको छैन।

| सि.नं | खाताको नाम | श्रेस्ता अनुसार २०७७।३।३१ को बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०७७।३।३१ को बाँकी | फरक |
|---|---|---|---|---|
| १ | संचित कोष | १२२७३१४९.८५ | २०४९७८.९४ | १२०६८१७०.९ |
| २ | चालु खाता बिजोर | ० | १७५९५७४३.४ | १७५९५७४३.४ |
| ३ | पूजीगत खाता बिजोर | ० | १९९१२८१९.७ | १९९१२८१९.७ |
| ४ | प्रकोप व्यवस्थापन कोष | ६८३७५४२.२५ | ७२१४७३९.० | ३८३१९६.७५ |
| ५ | बिबिध खर्च खाता (कार्य सँचालन कोष ) | ९६६१५.८० | ९६६१५.८० | ० |
| ६ | धरौटी | ४३७५२६०.१७ | ४३७५२६०.१७ | ० |
| ७ | कर्मचारी कल्याण कोष | ५७६००.०० | ५७६००.०० | ० |
| | जम्मा | २३६४०१६८.०७ | ४९४५७७५७.०१ | २५८१७५८८.९४ |

| दफा नं | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आ आफ्नो कोषको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको छैन। यस सम्वन्धमा देखिएका व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• नगरपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु १७५९५७४३.४ , पुजीगत खर्च खातामा रु १९९१२८१९.७ र विविध खर्च खातामा ० समेत गरी रु ३७५०८५६३.१ मौज्दात रहेको पाईयो ।<br>• नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै नगरपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• नगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी नगरपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको छैन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको छैन।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता अद्यावधिक राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सो वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । | |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • संस्था दर्ता ऐन, २०३४ दफा ३ नगरपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• भ्रमण अभिलेख खाता नरहेको तथा अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस नगरपालिका तथा नगरपालिकामा समाहित भएका साविकका नगर विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ। | |
| | • **बजेट तथा कार्यक्रम** | |
| ६. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यनगरपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस नगरपालिकमा मिति २०७६।३।१० गते रु ३८२१६६२४८/- को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ७. | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ। | |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

८. **चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| क.स. | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| १ | चालु खर्चतर्फ | २५७२२३ | ५६०१७ | १०१२९१ | ९९९१४ | ७३५४७ |
| २ | पूँजिगत खर्चतर्फ | १३७५२८ | ६८०५ | २११०८ | १०९६१४ | ७८३१६ |
| | जम्मा | ३९४७५१ | ६२८२२ | १२२३९९ | २०९५२८ | १५१८६३ |
| | प्रतिशत | | १५.९ | ३१ | ५३.१ | ३८.४ |

नगरपालिकाले उपलब्ध गराएको विवरणअनुसार तेश्रो चौमासिकमा २० करोड ९५ लाख २८ हजार अर्थात ५३.१ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु १५ करोड १८ लाख ६३ हजार अर्थात३८.४ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

९. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको अन्तरसरकारी अख्तियारीबाहेक २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत जम्मा बजेटको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १२२४८३०० | ९३४०५४५ | ९६.२६ |
| २ | पूर्वाधार विकास | ५३४७५३४१ | ४९७३२८६४.५१ | ९३ |
| ३ | सामाजिक विकास | २८०३५९५८५ | २६७५१०३६३.९२ | ९५.४२ |
| ४ | बातावरण तथा विकास | १२१००००० | १००००० | .८३ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ७१६७४६३ | ६४१४६४७ | ८९.५ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ८५६०००२२ | ६१७५३४०१.३९ | ७२.१४ |
| | **जम्मा** | **४५०९५०७११** | **३९४७५१८२१.८२** | ८७.५३ |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी प्रतिशत अन्य कार्यालय संचालन तथा प्रशासनिक कार्यमा खर्च गरेको छ भने वातावरण तथा विकासमा रकम खर्च गरेको छैन।

१०. **खर्च बिश्लेषणः** नगरपालिकाको यसबर्ष कुल आन्तिरक आयबाट रु २६०८१९९.० राजस्व बाँडफाँड र अनुदानबाट रु ४९८९५०९६८.४५ समेत रु ५०१५५९१६७.४५आम्दानी भएकोमा विभिन्न कोषहरुसमेत चालु तर्फ रु २५६८२३४६१.७५ र पूँजिगत तर्फ रु १४१९९१४६३.०७ र अन्य तर्फ रु ८८१३८११.७५ समेत

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | रु ५९६०४५०३८.० खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.२५ प्रतिशत रहेको छ। नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६७.२ प्रतिशत चालु र ३२.८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट नगरपालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ। | |
| | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |
| ११. | **कानुन निर्माण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ३ वटा ऐन बाहेक अन्य कुनै पनि कानुन निर्माण भएको छैन। | |
| १२. | **करार नियुक्तिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। कार्यालयले दरबन्दी बेगर तोकिएको बाहेकको सहायक कम्प्युटर अपरेटर पदमा १० कर्मचारी नियुक्ती गरी वडा सचिवको रुपमा खटाई रु २३४००००.० भुक्तानी गरेको छ। दरबन्दी बाहेकको पदमा नियुक्त गरी तलब खर्च लेखेकोले नगरपलिकालालाई व्ययभार बढ्न गएको रु | २३४००००.० |
| १२.१. | **खेलकुद प्रशिक्षक नियुक्तीः** ६६७/२०७७/३/३१, करार कर्मचारी नियुक्ति र करार सम्झौता कार्यालय प्रमुखले गर्नुपर्ने व्यवस्था छ। कार्यालयले खेलकुद प्रशिक्षकको तलब भत्ता बापत रु १३९५९०.० भुक्तानी गरेकोमा, खेलकुद प्रशिक्षकको दरबन्दी स्वीकृत दरबन्दी संरचानमा नरहेको र निजको नियुक्ती वडा अध्यक्ष नन्दराज चलाउनेद्वारा गरिएको छ। दरबन्दी बाहेकको पदमा नियुक्त गरी तलब खर्च लेखेकोले नगरपलिकालालाई व्ययभार बढ्न गएको रु | १३९५९०.० |
| १३. | **वडा सचिवको पदपूर्ति :** नगरपालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त रहेको वडा सचिव यथाशिघ्र पदपूर्ति गरिनुपर्दछ।<br><br>वडा संख्या: १० · वड सचिवको दरबन्दी: १० · वडा सचिवको पदपूर्ति: ० · रिक्त वडा सचिव: १० | |
| | • **कानून निर्माण एवं कार्यान्वयन** | |
| १४. | **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन र यो बर्ष कुल समेत कुल २४ विवाद दर्ता भएकोमा मेलमिलापको आधारमा सबै विवाद फछ्र्यौट भएको छ। | |
| १५. | **आन्तरिक लेखापरीक्षणः** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यवस्था भएपनि, नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन। आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ। तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| १० | १० | ० | १० |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १५.१. | स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर नगरपालिकाले यस वर्षको अन्तरसरकारी अख्तियारी बाहेकको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। | |
| | • **पदाधिकारी सुविधा** | |
| १६. | **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा नगर सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार नगरपालिकाबाट यो आ.व मा पदाधिकारीहरुलाई सेवा सुविधा बापत कुल १०९६५०००.० भुक्तानी गरेको छ। | |
| १७. | **सवारीसाधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तिय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन ।अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार नगरपालिकाले ७ थान दुई पांग्रे सवारि साधन खरिदमा रु.४० लाख ६० हजार खर्च गरेका छन् ।<br><table><tr><th>सि.नं</th><th>सवारी साधन</th><th>संख्या</th><th>रकम</th></tr><tr><td>१</td><td>टिपर</td><td>१</td><td>४०६००००.०</td></tr><tr><td></td><td colspan="2">जम्मा</td><td>४०६००००.०</td></tr></table> | |
| १८. | **आर्थिक सहायता** -स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा,पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन।तर नगरपालिकाले यस वितरण गरेका छन्।सहायता वितरणको लागी कार्यविधि बनेको छैन भने नतोकिएको अधिकार प्रयोग गरी वडा समितिले समेत आफैं निर्णय गरी प्रकोप राहत तथा सहायता वितरण गरेको छ।आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| | • **कर दस्तुर एवं आन्तरिक आय** | |
| १९. | **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । नगरपालिकाले पेश गरेको आय/व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु पेश नभएकोले, प्रक्षेपित आयको तुलनामा कति घटि वा बढी आय भयो भन्न सकिएन। आर्थिक वर्ष २०७६।७७ मा नगरपालिकाले रु २६०८१९९.० आम्दानी गरेको छ।आम्दानीका विभिन्न स्रोतको समेत पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| १९.१. | **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था | |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | छ ।नगरपालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।<br>केन्द्रिय अनुदानबाट खर्च / आन्तरिक आय / आन्तरिक आय प्रतिशत<br>४९८९५०९६८.४५ / २६०८१९९.० / ०.५२<br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.५२ प्रतिशत मात्र रहेको छ । त्यसैले नगरपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| २०. | **कर तथा शुल्क असुली** –स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थितिको विवरण पेश भएन।<br>नगरपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले नगरपालिकाले यथार्थ आम्दानी असुल गर्नेतर्फ प्रयत्न गरेको पाईएन। | |
| २१. | **आन्तरिक श्रोतः** कमलबजार नगरपालिका आर्गिक ऐन,२०७५ मा नगरपालिका क्षेत्र भित्र एकिकृत सम्पत्तिकर,घर जग्गा बहाल कर लगायतका विभिन्न करहरु लगाउने व्यवस्था गरेको छ ।यो वर्ष नगरपालिकाको आन्तरिक आय रु२५३५७३४.० रहेको छ । आर्थिक ऐनले गरे बमोजिमको एकिकृत सम्पत्तिकर तथा घर जग्गा बहाल कर लागु गरेको छैन । आन्तरिक आय तर्फ प्रयोग भएका नगदी रसिदहरुको रसिद नियन्त्रण खाता नराखी नगदी रसिदको आयलाई व्यवस्थित गरेको छैन ।नगरपालिकाले ड्रोजर भाडामा गएको समय र प्राप्त भाडाका रकमको विवरण राखेको छैन ।गत वर्ष उठ्न बाँकि ड्रोजर भाडा रकम समेत प्राप्त भएको छैन । राजश्वमा प्राप्त रकम कुन कुन श्रोतबाट प्राप्त भएको हो सो को यथार्थ विवरण समेत राखेको छैन ।दैनिक रुपमा प्राप्त रकम नियमानुसार बैंक दाखिला गरी श्रेस्ता खडा गरी आय विवरण अद्यावधिक गर्नु पर्दछ । | |
| २२. | **रसिद नियन्त्रण खाताः** नगरपालिकाले आन्तरिक आय तर्फ प्रयोग नगरी रसिद नियन्त्रण खाता व्यवस्थित गरि राखेको छैन । गत वर्षको जिम्मेवारी रसिद थान, यो वर्ष छपाई गरेको,यस वर्षको खर्च र बाँकी रसिद थानको विवरण स्पष्ट देखिने गरी रसिद नियन्त्रण खाता राख्नु पर्दछ । यो वर्ष प्रयोग भएका सबै रसिद फिर्ता गरी आम्दानी एकिन गर्नुपर्ने देखिन्छ ।आम्दानी तर्फ गोश्वारा भौचर खडा गरी बैंक दाखिला विवरण समेत अद्यावधिक गरी राख्नु पर्नेमा बैंक दाखिला विवरण तयार गरेको छैन । | |
| | **उपभोक्ता समितिमार्फत निर्माण** | |
| २३. | **योजना हस्तान्तरणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३) मा उपभोक्ता वा लाभग्राही समुदाय मार्फत निर्माण सम्पन्न योजना निर्माण सम्पन्न भएपश्चात्त आयोजनाको स्वामित्व सोही समितीलाई हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेको, कार्यालयले सो बमोजिम योजना हस्तान्तरण गरेको पाईएन । योजना हस्तान्तरण नहुँदा सोको रेखदेख, मर्मतको जिम्मेवारी समेत कार्यालयलमा रही थप व्ययभार थपिन जाने देखिन्छ । | |
| २४. | **निर्माण कार्यको गुणस्तरः** सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत गुणस्तर परीक्षणको आवश्यक व्यवस्था गर्नुपर्दछ ।कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा | |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्याबियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब टेष्ट जस्ता कार्य गराएको पाइएन। यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन। अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ । | |
| २५. | **बीमा गराउनुपर्नेः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैंयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायीले तोकिएको कुराको बिमा गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयद्वारा संचालित दश लाख माथिका अधिकाँश निर्माण कार्यको सम्झौतामा बिमाको व्यवस्था गरेको छैन भने सम्झौतामा बिमाको व्यवस्था भएतापनि निर्माण व्यवसायीले बिमा गरेको प्रमाण पेश भएका छैनन्। निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागथि अनिवार्य रुपमा संरचनाको विमा गरेर नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ । | |
| २६. | **उपभोक्ता समितिः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ घ मा उपभोक्ता समिति (३) मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा नगरपालिकाले उपभोक्ता समितिसँग गरेको अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन ।साथै नियम ९७ मा (७) उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सार्वजनिकलेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार अधिकांश योजनाहरुमा सार्वजनिक लेखापरीक्षण गरेको देखिएन उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पूर्णतः पालना गर्नुपर्ने देखिएको छ । | |
| | **सशर्त कार्यक्रम** | |
| | **सशर्त पूँजिगततर्फ** | |
| २७. | **प्रविधिक मूल्याङ्कन नभएकोः** सार्वजनिक खरिद नियमावलि २०६४ बमोजिम प्राविधिक कार्यको नाप जाँच गरि कामको मूल्याङ्कनको आधारमा खर्च लेख्नु पर्दछ । नगरपालिकाले विभिन्न सडकहरुमा काम गर्ने श्रभिकहरुको ज्याला स्वरुप सडक मर्मत समूहको खातामा रु २९६२१२५.० बराबरको भुक्तानी गरेको छ । सडक मर्मत समूहको खातामा जम्मा भएको सो रकमको सम्बन्धित सडकमा काम गरेको प्राविधिक मूल्याङकन तथा श्रमिकको डोर हाजिरी तथा ज्याला बुझेको भर्पाई संलग्न गर्नुपर्ने रु | २९६२१२५.० |

| भौ नं मिति | भुक्तानी रकम |
|---|---|
| २/२०७६-३-१५ | ४३२०००.० |
| ८/२०७६-९-२८ | १०५३०००.० |
| ९/२०७६-११-५ | ३०७१२५.० |
| २१/२०७७-१-२० | ११७००००.० |
| जम्मा | २९६२१२५.० |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २८. | **बैठक भत्ताः** अर्थ मन्त्रालयले जारी गरेको खर्चको मापदण्ड सम्बन्धि निर्णय तथा कार्यविधि बमोजिम एउटै निकाय र अन्तर्गतका पदाधीकारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने व्यवस्था गरेको छ । कार्यालयले देहाय बमोजिमको बैठक भत्ता खर्चमा बोलपत्र मूल्याङ्कन लगायतका कार्यहरु गरी रु ३६९०००.० बराबर खर्च लेखेको छ ।कार्यालयका कर्मचारी मात्र बैठक बसि बैठक भत्ता खर्च लेखेको अनियमित खर्च रु | ३६९०००.० |

| भौ नं मिति | भुक्तानी रकम |
|---|---|
| ५/२०७६-९-२५ | ६००००.० |
| १२/२०७६-११-२८ | १२८०००.० |
| ३५/२०७७-२-२९ | १८१०००.० |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | |
|---|---|
| जम्मा | ३६९०००.० |

**२९.** **ठेक्का व्यवस्थापनमा प्रतिस्पर्धा नभएकोः** सार्बजनिक खरिद ऐन २०६३ को दफा २६(६) मा कुनै बोलपत्रदाताले आपसमा मिलोमतोगरी बोलपत्र दाखिला गरेको प्रमाण भएमा सो बोलपत्रहरु खारेज हुने व्यवस्था रहेको छ।कार्यालयले देहायका ठेक्काहरुमा, निम्नानुसार बोलपत्र बिक्री भएकोमा, न्युन मात्रामा बोलपत्र दर्ता भएको देखिन्छ।सोको मूल्याङ्कनमा लागत अनुमानकै हाराहरीमा बोलपत्र पर्न गएकोले, खरिद प्रक्रिया मितव्ययी एवम् प्रतिस्पर्धि भएको मान्न सकिएन।

| कार्य | लागत अनुमान | कबोल अंक | बोलपत्र विक्रि थान | बोलपत्र दर्ता |
|---|---|---|---|---|
| ढाकु स्वास्थ्य चौकि निर्माण | ५७३९४०६ | ५७१०९३१ | ४५ | ३ |
| गोगन पानी खानेपानी योजना | ४७८३३४६ | ४७७४८७३ | ३१ | ३ |
| चाल्सा स्वास्थ्य चौकि | २८७२२५४ | २८६६१२४ | २४ | ३ |
| खेलकुद ग्राम कभर्ड हल | ४२००००० | ४१९४८८५ | ६२ | १ |

**३०.** **DPR नगरी योजना संचालनः** विशेष अनुदान निर्देशिका २०७५ को बुँदा नं ४ मा विशेष अनुदान अन्तर्गत संचालित योजनाको अनिवार्य रुपमा विस्तृत परियोजना प्रतिवेदन(DPR) तयार गरेर मात्र योजना संचालन गर्नुपर्दछ ।नगरपालिकाले गोगनपानी खानेपानी कलेक्शन तथा सिचांई योजना रु ४७८३३४६.० को लागत अनुमान बनाई संचालन गरेकोमा DPR तयार नगरी संचालन गरेको छ ।सो खानेपानी योजनाको DPR गर्न इम्पेरियल ईन्जिनियरिङ कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टर प्रा.लि. लाई मिति २०७६-९-२१ मा सम्झौता गरी रु ४४०७०७.० मा कार्य गर्नेगरी ५ दिनको कार्य अवधि राखि कार्य दिएकोमा प्रतिवेदन प्राप्त भएको छैन ।प्रतिवेदन प्राप्त नगरी योजना संचालन भएको छ ।सो योजनाको लागत अनुमानमा बीमा तथा गुणस्तर परीमाणको व्यवस्था नै गरेको छैन ।भौ.नं १८ मिति २०७६-१२-५ मा रु ८०००००.० पेश्की उपलब्ध गराएकोमा प्रगतिशिल निर्माण सेवाको पेश्कीको बैंक ग्यारेन्टी नराखि दिएको अनियमित रु — ८०००००.०

**३०.१.** चाल्सा स्वास्थ्य चौकी भवन निर्माण कार्यको लागि खेमराज निर्माण सेवालाई २०/२०७७-१-१६ मा रु ५०००००.० पेश्की उपलब्ध गराएकोमा सोमा पनि पेश्की बैंक ग्यारेण्टी नराखी पेश्की अनियमित रु — ५०००००.०

**३१.** **कार्यसम्पन्न नभएकोः** कार्यक्रम कार्यान्वयन निर्देशिका २०७६/७७ बमोजिम विद्यालय भौतिक सुधार निर्माण तर्फको रकम निकासा गर्दा कार्य प्रगति तथा नापि किताबको आधारमा भुक्तानी गर्नुपर्दछ । विद्यालयको कार्यसम्पन्न भैसके पश्चात अन्तिम किस्ताको रकम निकासा दिनुपर्दछ । विद्यालयको डिजाईन परिवर्तन गर्नुपरेमा शिक्षा विभागको स्वीकृति लिनुपर्ने व्यवस्था छ । नगरपालिकाले ट्रस्ट सहितको २ कोठे पक्की/ढलान सहित भवन निर्माण गरेकोमा डिजाईन परिवर्तनको स्वीकृति लिएको छैन ।देहाय बमोजिमका विद्यलायहरुलाई भएको रु ९६०००००.० निकासामा विद्यालयको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु — ९६०००००.०

| विद्यालय | निकासा रकम |
|---|---|
| गौतम बुद्ध आधारभूत विद्यालय | १६०००००.० |
| कवालेख आधारभूत विद्यालय | १६०००००.० |
| जाल्पादेवी आधारभूत विद्यालय | १६०००००.० |
| कालिका आधारभूत विद्यालय | १६०००००.० |
| दुर्गा आधारभूत विद्यालय | १६०००००.० |
| शिशु सुधासर आधारभूत विद्यालय | १६०००००.० |
| जम्मा | ९६०००००.० |

विद्यालयको भवन निर्माण कार्यको रकममा नगरपालिकाले ४ प्रतिशतका दरले कन्टिन्जेन्सी कट्टा गरेको छ । स्वीकृत कार्यक्रम बमोजिम विनियोजित रकम कामको आधारमा कन्टिन्जेन्सी कट्टा नगरी विद्यालयको खातामा निकासा दिनुपर्दछ ।

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३२. | **विद्युत पोल खरिदः** नगरपालिकाले नगरको कार्यक्षेत्र भित्र विद्युत वितरणका लागि रु १५५१०८८.० मा १०७ थान विद्युत पोल खरिद गरी पूर्णा देवी निर्माण सेवालाई भुक्तानी गरेको छ ।आर्थिक वर्षको अन्तमा खरिद भएका पोलहरु कार्यालयमा दखिला गरेको छैन । खरिद गरिएका पोलहरुको कुन कुन वडामा गएको र सो को के कति कार्य भएको छ सो खुल्ने कागजात श्रेस्तामा संलग्न छैन । खरिद विद्युत पोलको वितरण तथा जडानको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु | १५५१०८८.० |
| ३३. | **खेलकूद ग्राम कभर्डहलः** नगरपालिकाले नगरको कार्यक्षेत्र भित्र खेलकूद ग्राम कभर्डहल निर्माण स्वरुप यो वर्ष ४४३६२०३.० न्यू जाल्पादेवी निर्माण सेवालाई भुक्तानी गरेको छ ।नगर सभाले यस योजनालाई बहुपर्षिय योजनाको रुपमा संचालन नगरी सालवसाली योजनाको रुपमा संचालन गरेको छ । यो वर्ष रु४१९४८८५.० मा कार्य गर्नेगरी मिति २०७७ असार २ गते सम्झौता गरी कार्य गराएको छ ।आर्थिक वर्षको अन्तमा गरेको यस कार्यक्रम गत वर्षमा भएको कार्य र यो वर्ष भएको कार्य देखिने गरी नापि किताब व्यवस्थित गरेको छैन ।बजेटको आधारमा कार्य गराई त्यतिको मात्र कार्यसम्पन्न तयार गर्ने गरेको छ ।खेलकूद ग्राम कभर्डहल निर्माण भएको ठाँउको जग्गा केही व्यक्तिको नाममा र केही सार्वजनिक रहेको जवाफ प्राप्त छ । नगरपालिकाको नाममा जग्गाको स्वामित्व आएको छैन ।जग्गाको स्वामित्व नगरपालिकाको नाममा ल्याई क्रमागतत योजनाको रुपमा संचालन गर्नुपर्दछ । | |
| | **सशर्त चालुतर्फ** | |
| ३४. | **पारिश्रमिक करः-** आयकर ऐन,२०५८ को दफा ४ बमोजिम अनुसूची-१(२) अनुसार वार्षिक आयमा कर गणना गर्दा दम्पत्तिको हकमा (क) रु.४५००००/- सम्म १%, (ख) रु.४५००००-५५००००/- मा रु.१०००००/- को १०%, (ग) रु.५५००००/- देखि ७५००००/- सम्म रु.२००००/- मा २०%, (घ) रु.७५००००/- देखि रु.२००००००/- सम्म रु.१२४५०००/- मा ३०% र रु.२००००००/- भन्दा बढीको आम्दानिमा घ बमोजिम लाग्ने करको दरमा थप २०% अतिरिक्त कर लाग्ने व्यवस्था छ ।कार्यालयले देहायको कर्मचारीको उल्लेखित व्यवस्था अनुसार कर कट्टि नभएकोले कर कट्टि प्रमाण पेश वा सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने तथा अन्य कर्मचारीको पनि पारिश्रमिक कर छानविन गरी असुल गरी दाखिला गर्नुपर्ने रु | १५५६१.० |

| क्र.सं. | कर्मचारीको नाम | पद | कर योग्य आय | पारिश्रमिक छुट | कर योग्य खुद रकम | कर |
|---|---|---|---|---|---|---|
| १ | धर्मराज बजगाई | शिक्षक मा.वि. | ५०१८७०.४ | ४५०००० | ५१८७० | ५१८७ |
| २ | भूपेन्द्र विष्ट | शिक्षक मा.वि. | ५०१८७०.४ | ४५०००० | ५१८७० | ५१८७ |
| ३ | गोर्खे बुढा | शिक्षक मा.वि. | ५०१८७०.४ | ४५०००० | ५१८७० | ५१८७ |
| | | जम्मा | | | | १५५६१ |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३५. | **पाठ्यपुस्तक वितरणः** कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७६/७७ क्रियाकलाप नं २.४.६.१ को ३.१ बुँदाम प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी सङख्याको ७५ प्रतिशत सङख्यालाई मात्र अनुदान दिई बाँकि २५ प्रतिशत २०७७ वैशाखबाट सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण,पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा एकिन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यवस्था छ । तर नगरपालिकाले पाठ्यपुस्तक खरिद र वितरण गरेको प्रमाणित विवरण,भर्पाई विना थप २५ प्रतिशतले हुन आउने रु १०३१७११.० बराबरको पाठ्यपुस्तक अनुदानको लागि थप निकासा भएको प्रमाण पेश गर्नुपर्ने रु | १०३१७११.० |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३६. | **बैठक भत्ताः** १२७।०७७।३।२८ आर्थिक कार्यबिधि नियमावली २०६४को नियम १२१ तथा नेपाल सरकारको कार्यसंचालन निर्देशिका 2076 ,को मा बैठक भत्ताको स्पष्ट मापदण्ड बनाएको छ । जस 7.1.1 समिती हरुको वैठक भत्ता प्रदान गर्ने र यस्तो वैठक पनि कार्यालय अनुसार कानुन अनुसार गठन भएका समय अगाडी वा पछाडी हुनुपर्ने र स्पष्ट कार्ययोजना एवं विषयवस्तु समेत हुनुपर्ने व्यवस्था छ । तर यस्तो भत्ता एउटै निकाय वा अन्तर्गतका पदाधिकारी कर्मचारी मात्रै बस्ने वैठकमा भत्ता प्रदान गर्न नपाउने/ व्यवस्था रहेको छ ।तर नगरपालिकाले Sanitary Pad को Hard Copy खोल्दा बोलपत्र मुल्याङकन प्रकृयfको बेला बसेको एउटै निकायका पदाधिकारी मात्रै संलग्न रहेको तथा कार्यालय समय जस्तै २०७७।३।१७ गते दिउसो २ वजे बसेको वैठकको १२ जनाको वैठकको रु ५९५००.० भत्ता खर्च लेखेको छ । त्यस्तै बैठक भत्ता खर्च लेखेको नियमसम्मत नदेखिएको रु | ५९५००.० |
| ३७. | **भ्रमण अवधिमा स्थानीय भत्ता भुक्तानीः** भ्रमण खर्च नियमावलि,२०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भंमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठिक भत्ता, तालिम भत्ता, स्थानिय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था रहेको छ ।कार्यालयबाट विभिन्न समयमा देहाय बमोजिमका कर्मचारीहरुको भ्रमणमा स्थानिय भत्ता नकाटिएको रकम सम्बन्धितबाट असुल गरिनु पर्ने रु | ८०३२.० |

| भौ नं मिति | कर्मचारीको नाम | पद | भ्रमण दिन | स्थानिय भत्ता दर प्रति दिन | कट्टि हुनुपर्ने रकम |
|---|---|---|---|---|---|
| १०९, २०७७।०३।२२ | ऋषिकेश ढकाल | अधिकृत | २५ | २७९.३ | ६९८२.५ |
| १०९, २०७७।०३।२२ | मदन ब विष्ट | प्रा.स. | ६ | १७५ | १०५० |
| जम्मा | | | | | ८०३२.५ |

- अन्य कर्मचमारीहरुको हकमासमेत यस्तो खर्च यकिन गरी असुल गरिनुपर्दछ।

| | | |
|---|---|---|
| | **युनिसेफतर्फ** | |
| ३८. | **सहजिकरण वापतको भत्ताः** अर्थमन्त्रालयको कार्य संचालन निर्देशिका २०७५ को परिच्छेद ७ को ७.१.१५ मा सबै प्रकारका तालिम, गोष्ठि सेमिनार लगायतका खर्चको मापदण्ड सम्बन्धमा व्यवस्था छ ।उक्त निर्देशिकाले सहजकर्ता भत्ताको व्यवस्था गरेको छैन ।कार्यालयले देहाय कार्यक्रम संचालनमा उल्लेखित व्यवस्था विपरित सहजकर्ता भत्ता वापतको रकम भुक्तानी गरेकोमा नर्म्स विपरीत भुक्तानी भएको भत्ता रकम सम्बन्धितबाट असुल गरिनु पर्ने रु | २२१००.० |

| भौ नं मिति | कार्यक्रम | बापत | दिन(मिति) | सहजकर्ता दर | भुक्तानि भएको | खुद भुक्तानी(कर कट्टा पछि) |
|---|---|---|---|---|---|---|
| ३९, २०७६।११।२३ | बालबालिका केन्द्रित विपद् जोखिम न्यूनिकरण कार्यक्रम | सहजकर्ता(३ जना) | ३दिन (२०७६/११/७) | २००० | १८००० | १५३०० |
| ३९, २०७६।११।२३ | बालबालिका केन्द्रित विपद् जोखिम न्यूनिकरण कार्यक्रम | सहजकर्ता(२ जना) | २दिन (२०७६/११/७) | २००० | ८००० | ६८०० |
| जम्मा | | | | | | २२१००.० |

| | | |
|---|---|---|
| | **प्रदेश सरकार समपुरक अनुदान** | |

<table>
<tr><th>दफा नं</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>३९.</td><td>बजेट खर्चः प्रदेश सरकार समपूरक अनुदानमा यो वर्ष रु १०८४९०००.० खर्च भएको छ ।कार्यापालिकाको मिति २०७७-२-१४ को निर्णयबाट विभिन्न ७ वटा योजनामा लगानी गर्ने निर्णय गरेको छ ।स्वीकृत योजनामा प्रदेश सरकारको ५० प्रतिशत र नगरपालिका श्रोतको ५० प्रतिशत लगानी गरी योजना सम्पन्न गर्नुपर्दछ ।यस वर्ष उक्त योजनामा नगरपालिकाको श्रोतबाट खर्च नगरी प्रदेश सरकारको श्रोतबाट मात्र रु.१०८४९०००.० खर्च गरेको छ ।प्रदेश सरकार समपूरक निर्देशिका बमोजिम तोकिएको मापदण्ड पुरा गरी तोकिएको प्रतिशतका आधारमा खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>स्थानीय पूर्वाधार विकास</td><td></td></tr>
<tr><td>४०.</td><td>घटी बिलः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने ब्यवस्था छ।कार्यालयले सडक निर्माणका लागि देहायका उपभोक्तासँग सम्झैता गरी, मेशिनबाट मात्र सडक निर्माणका लागी Excavation कार्य गरेको प्रमाणित गरी रकम भुक्तानी गरेको छ।संलग्न फाँटवारीमा उपभोक्ताद्वारा मेशिन प्रयोगको घटी बिल/भरपाई पेश गरी रकम भुक्तानी लगेकोले, बिलबिना भुक्तानी भएको रु ५४२९२१.० सम्बन्धित उपभोक्ताको योगदान अंश कट्टी गरी असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौ.नं/मिति</th><th>उपभोक्ता समिति</th><th>कार्यसम्पन्न रकम</th><th>मेशिन प्रयोगको बिल/भरपाई रकम</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>५/२०७७/३/१९</td><td>कावालेक जामा फल्टाने सडक निर्माण</td><td>११४७०५१.०</td><td>९२७६१०.०</td><td>२१९४४१.०</td></tr>
<tr><td>७/२०७७/३/२३</td><td>कालिकास्थान बडरुख फर्केसल्ला सडक</td><td>१२५१०९०.०</td><td>९२७६१०.०</td><td>३२३४८०.०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५४२९२१.०</td></tr>
</table></td><td>५४२९२१.०</td></tr>
<tr><td>४१.</td><td>बन्डाली मन्दिर निर्माणः कार्यालयले बन्डाली मन्दिर निर्माणको लागी मिति २०७६/११/१८ मा समैजी बन्डाली निर्माण सेवासँग रु ४२३१५८४.१ मा सम्झौता गरेको छ।मन्दिर निर्माणको (ठेक्का नं KBM\ACHHAM\TEMPLE\NCB\076\77\w\01) को मिति २०७६/९/१६ को सूचना आह्वानमा कुल ३८ वटा बोलपत्र बिक्रि भएकोमा, ३ वटा मात्र बोलपत्र पेश भएको छ।पेश भएका बोलपत्रमध्ये, मूल्याङ्कन समितिको मिति २०७६/१०/२७ को निर्णय अनुसार बोलपत्रको पूर्णताको परिक्षणमा, एक मात्र बोलपत्र सफल भएको छ।सो अनुसार कुल लागत अनुमान रु ४२३७२८७.९(मू.अ.कर बाहेक) को ०.१३ प्रतिशतमात्र अर्थात रु ४३१५८४.१(मू.अ.कर बाहेक) मा घटिमा सम्झौता भएको छ।बिक्रि भएका बोलपत्र सबै दर्ता नहुनु र भएकामध्ये पनि पुर्णतामा एकमात्र सफल भई लागत अनुमानकै हाराहारीमा सम्झौता हुनुले, बोलपत्र प्रक्रिया निष्पक्ष एवम् खरिद मितव्ययी भएको मान्न सकिएन।</td><td></td></tr>
<tr><td></td><td>सडक वोर्ड पूर्वाधार कार्यक्रमः</td><td></td></tr>
<tr><td>४२.</td><td>उपभोक्तालाई बढी भुक्तानीः ४।०७७।३।३०सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७(६)मा उपभोक्ताको हरेक किस्ताको भुक्तानीमा कामको प्राविधिक मुल्यांकन भई आएको आधारमा भुक्तानी दिन सकिने व्यवस्था गरेको छ ।गौरीखांदा साम्जी गाउं सडक मर्मतको लागत अनुमान रु १४०४५९५।०४ तयार गरी रु ४४६७३२।८९ जनश्रमदान हुने गरी संझौता भएकोमा रु १११७४२६।२९ मुल्यांन भई आए वमोजिम संझौता अनुसार रु ७६१९७२।९८ दिनु पर्नेमा रु ९१८५००। भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी गरेको रकम असुल हुनु पर्ने रु</td><td>१५६५२७.०</td></tr>
<tr><td>४३.</td><td>रकम फिर्ता गर्नु पर्नेः वर्षान्तमा खर्च नभई वचत रहेको रु१६०९००।फिर्ता गरी सञ्चित कोष दाखिल गरेको प्रमाण पेश हुनु पर्ने रु</td><td>१६०९००.०</td></tr>
</table>

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **नगरपालिका पूँजिगततर्फ** | |
| ४४. | **नापिकिताव अध्यावधिक नगरेको:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाँपजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।क्रमागत सवै सडक तथा अन्य योजनाहरुको अघल्ला वर्षहरुमा भएको काम तथा भुक्तानी भएको परीमाण तथा भुक्तानी रकम खुल्ने गरी नापीकिताव अध्यावधिक गर्नु पर्नेमा नगरपालिकाले हाल भएको काम उल्लेख गरी आंशिक कामको मुल्यांकन गरी भुक्तानी दिने गरेको देखिंदा भुक्तानी भएको परीमाण तथा भुक्तानी रकम दोहोरो परी वढी भुक्तानी हुन सक्ने हुंदा प्रत्येक योजनाको अलग अलग एकिकृत रुपमा नापीकिताव तयार गरीनु पर्ने तर्फ नगरपालिकाको ध्यानाकर्षणहुनु पर्ने देखियो । | |
| ४५. | **नगरपालिका भवन निर्माणः** नगर पालिकाको लागि ४ वटा ब्लकको रुपमा कार्यालय भवन निर्माणको लागि राजन निर्माण सेवा(३००१३१२६८) संग २०७५।११।३० भित्रमा सम्पन्न गर्ने गरी २०७५।३।१०मा मु अ कर समेत रु १,५६,३०,४१२।९०मा संझौता भएको देखिन्छ ।निर्माण व्यवसायीले संझौता अनुसारको समयावधिमा कार्य सम्पन्न नगरेको र गत वर्ष प्रथम रनिङ विल सम्म मु अ कर समेत रु ३०२४२५१।७७को मात्र विल पेश गरेको आधारमा भुक्तानी भएकोमा यो वर्ष २०७७।३।३१ सम्म तेश्रो रनिङ विल सम्ममा १,२०,०३,२३८।०३ (मू.अ.कर समेत) को विल पेश गरी भुक्तानी लिएको देखिन्छ । सो सम्वन्धमा देखिएको अन्य व्यहोरा निम्न छन् । | |
| ४५.१. | **म्याद थपः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(१) मा प्रतिकुल अवस्था पारी सम्झौता बमोजिमको कार्य सम्झौतामा तोकिएको अवधि भित्र सम्पन्न गर्न नसकेको अवस्थामा त्यस्तो कारण समेत खुलाई म्याद समाप्त हुनु भन्दा २१ दिन अगावै आपूर्तकले सम्वन्धित कार्यालयमा कारण खुलाइ म्याद थपको लागि निवेदन दिन सक्ने र यसरी प्राप्त निवेदन उपर उपनियम २ अनुसारको अवस्था श्रृजना भई यथा समयमा काम गर्न नसकेको पुष्टि भएमा अधिकार प्राप्त अधिकारीले शुरु संझौता अवधिको १५ प्रतिशत सम्मको अवधि वोलपत्र स्विकृत गर्ने पदाधिकारीले र सो भन्दा बढी ५० प्रतिशत अवधि सम्म विभागीय प्रमुखवाट थप गर्न सक्ने व्यवस्था छ।उपरोक्त वमोजिमको ठेक्काको हकमा २०७७।३।३१ सम्म ठेक्काको म्याद समाप्त भएको १६ महिना अर्थात २१३ प्रतिशत अबधि व्यतित भैसकेको मा म्याद थप सम्वन्धि प्रमाण कागजात लेखापरीक्षण अवधिमा पेश हुन नआएको र उक्त निर्माण कार्य यो वर्ष सम्म सम्पन्न भएको नदेखिएकोले सो सम्वन्धमा नगरपालिकाको ध्यानाकर्षण हुनु पर्ने देखियो । | |
| ४५.२. | उपरोक्त वमोजिम तेश्रो रनिङ विलको भुक्तानीमा भवनको नापिहुंदा पेन्टिङको कार्यमा **Deduction** कट्टा गर्दा बाहिरी भाग र भित्री भागको अलग अलग परीमाण कट्टा गरेको देखिंदा सो परीमाण समान हुने हुंदा भित्री भागको घटी कट्टा गरेको सम्वन्धमा थप यकिन गरी कम कट्टा गरेको परीमाणको असुल हुनु पर्दछ । । | |
| ४५.३. | **कार्य पुष्टि नभएको:**१४७।०७७।३।३ नगरपालिकाले भवनहरुमा फल्ससिलिङ्ग निर्माण कामको विल पेश गरेको आधारमा क्षितिज कन्स्ट्रकसनलाई रु ४,७९,१७७। – भुक्तानी गरेकोमा उक्त कार्य शुरु लागत अनुमानमा समावेश गरी कार्य गराउनु पर्नेमा सो वमोजिम नगरी सोझै संझौतागरी कार्य गराएको अनियमित देखिएको रु | ४७९१७७.० |
| ४६. | **गौरी टाँड स्याउले सडकः** यस सडक खण्डको चेनेज नं. ००+००देखि ६+६९०सम्मा ४१३५४.१० घनमीटर सडक अप ग्रेडिङ गर्ने कार्यको लागि रु ५६६३५९८।६०को लागत अनुमान तयार गरी ठेक्का व्यवस्थाको लागि सूचना प्रकाशन गरे वमोजिम दर्ता हुन आएको निर्माण व्यवसायी त्रिपत्री निर्माण सेवाको कवोल अंक लागत अनुमानको तुलनामा ०.८४ प्रतिशत घटी अर्थात रु ५६,१६,०२४।३७ मा २०७६।३।२५ सम्ममा सम्पन्न गर्ने गरी संझौता भएकोमा २०७६।९।२५मा मात्र चेनेज नं. | |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ३+८७०देखि ६+७२० सम्म ४१३५४.१० घनमीटर सडकको काम भएको मापन गरी भुक्तानी गरेको छ ।सो सम्वन्धमा देखिएको अन्य व्यहोरा निम्न छन् । | |
| ४६.१. | **नापी किताबः** सार्वजनिक खरिद नियमावली २०६४को नियम १२३(ख) बमोजिम प्राविधिक मुल्यांङ्कन तथा नियम ११५ बमोजिम गुणस्तर परीक्षण पश्चात प्राबिधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिम कार्यसम्पन्न भएको आधारमा आपूर्तिकर्ताको भुक्तानी गर्नु पर्ने व्यवस्था छ। उपरोक्त बमोजिमको सडकको कार्यको नापि कितावमा चेनेज नं. ००+००देखि ३+८७० सम्मको परीमाण मापन भएको नापी कितावमा उल्लेख गरेको नदेखिएकोले सो चेनेजमा सम्पन्न परीमाण यो वर्ष पुन मापन भई पुन भुक्तानी भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन। | |
| ४६.२. | उपरोक्त बमोजिम लागत अनुमानमा उल्लेखित लम्वाई भन्दा ३० मीटर वढी खनेको देखाई परीमाण पुरा गरी शत प्रतिशत रकम भुक्तानी गरेको देखिंदा लागत अनुमान अनुसारको सडकको चौंडा नगरेको स्पष्ट हुने हुंदा सडक निर्माण कार्यको नाँपजाँचमा थप सतर्कता अपनाउनु पर्ने देखिन्छ । | |
| ४६.३. | उपरोक्त वमोजिम सडक खन्ने कार्यको मापन गर्दा माटो तथा चट्टानको प्रकार अन्दाज गरी प्रतिशतको आधारमा परीमाण गणना गर्ने गरेको देखिएकोले कामको वास्तविक परीमाणको भुक्तानी भएको यथार्थता यकिन भएन ।तसर्थ प्रत्येक चेनेजमा रहेको यथार्थ रुपमा माटो तथा चट्टानको परीमाण मापन हुनु पर्दछ। | |
| ४६.४. | **बढी दरमा भुक्तानीः** ३७।०७६।९।२७ सार्वजनिक खरिद नियमावली २०६४को नियम १२३(ख) बमोजिम निर्माण कार्यको प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बिलको भुक्तानी गर्नु पर्ने व्यवस्था छ। नगरपालिकाले कमल बजार बयाले सडक मर्मत तथा सफा गर्ने कार्यको लागि मनकामना निर्माण सेवा संग सोझै वार्ता द्धारा विभिन्न चेनेजको ११२५.५७ घनमीटर को प्रति घनमीटर मु अ कर समेत रु ४३६.१८को दरले भुक्तानी गरेकोमा मेशिन द्धारा सडक सफा गर्ने कार्यमा मानिसको दर राखि दर विश्लेषण गरी सोझै वार्ता द्धारा कार्य गराई भुक्तानी गरेको छ । कडा माटोको कार्यमा मेशिनको दर मु अ कर समेत १०५.८८ प्रति घनमीटर भएकोले मानिसको दर राखि प्रति घनमीटर रु३३०.३० को दरले बढी भुक्तानी भएको रु | ३७१७७५.० |
| ४७. | **कमलपोखरी निर्माणः** कमल पोखरी निर्माण उपभोक्ता समितिलाई पोखरी निर्माण वापत रु १३१५०००। उपलब्ध गराउने गरी संझौता भए वमोजिम उपभोक्ता समितिले रु १६७१६८८।२२को मुल्यांकन पेश गरेको छ। सो सम्वन्धमा देखिएको अन्य व्यहोरा निम्न छन् । | |
| ४७.१. | **कर विजकः** मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले तोकिएको ढाँचामा रीतपुर्वकको कर विजक जारी गर्नुपर्ने व्यवस्था छ ।तसर्थ कर विजक जारी नगरी मु अ कर भुक्तानी दिन नमिल्ने देखिन्छ ।नगरपालिकाले उपरोक्त वमोजिमको पोखरी निर्माणको विल पेश हुंदा ३८५२३ के जी सिमेन्ट प्रयोग गरेको मुल्यांकन पेश भएकोमा ११०० के जी को मात्र कर विजक पेश गरेको देखिएकोले सोको लागत अनुमान तयार गर्दा मु अ कर समेत समावेश भएकोले मुल्य अभिबृद्दिकर समेत भुक्तानी भएको हुंदा कर विजक वेगर उपभोक्तालाई मु अ कर भुक्तानी गरेको मु अ कर रु ३७४२३ के जी को प्रति के जी रु २१ को दरले हुने रु ७८५८८३। – को १३ प्रतिशतले हुने मु अ कर असुल गरी दाखिला गरनु पर्ने देखिएको रु | १०२१६५.० |
| ४७.२. | फर्म वर्कको कार्यमा ७७.५३ वर्ग मीटरको प्रति वर्ग मीटर रु १२४२.८२को दरले मुल्यांकन गरेकोमा भवन विभागको नर्मस अनुसार फर्म वर्कमा १६.६७ प्रतिशत मात्र एक पटकको लागि खर्च दावि गर्न पाईने व्यवस्था अनुसार बढी प्रति वर्ग मीटर रु ५१५ मात्र खर्च दावि गर्न पाउने व्यवस्था अनुसार ७२७.८२को दरले बढी भुक्तानी भएको रु ५६४२७।८८ असुल हुनु पर्ने देखिएको रु | ५६४२७.० |
| ४८. | **मुल्य अभिवृद्दि कर दोहोरो भुक्तानीः** मुल्य अभिवृद्धि कर ऐन २०५२को दफा ७ अनुसार करको दर एकल हुने उल्लेख गरेको र आर्थिक ऐन २०७६ अनुसार करको एकल दर १३ प्रतिशत रहेको छ ।नगर | |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

पालिकाले विभिन्न योजनाहरुको लागत अनुमान तयार गर्दा करयोग्य वस्तुमा आईटम वाईज १३ प्रतिशत मु अ कर समेत समावेश गरी लागत अनुमान तयार गरेकोमा पुन विभिन्न निर्माण ब्यवसायीहरुले पेश गरेको विलको रकममा १३ प्रतिशत थप गरी भुक्तानी गरेको देखिएकोले कर योग्य बस्तुमा मु अ कर दोहोरो भुक्तानी भएको रकम सम्वन्धित पदाधिकारीलाई समेत जिम्मेवार बनाई असुल गर्नु पर्ने देखिएको रु

बेरुजू रकम: ४२१३००.०

| आयोजनको नाम | कामको विवरण | कामको परीमाण | दोहोरो परेको प्रति ईकाई दर | निर्माण व्यवसायी | दोहोरो मु अ कर रकम |
|---|---|---|---|---|---|
| पशुपति मा वि भवन निर्माण | पि सि सि१:३ :६ | २२.३६घ मी | ९७.५ प्रति व्याग | चिरञ्जिवी विल्डर्स | ९५९२ |
| पशुपति मा वि भवन निर्माण | पि सि सि १:२ :४ | १०१.३२ घ मी | ९७.५ प्रति व्याग | चिरञ्जिवी विल्डर्स | ६३२२३ |
| पशुपति मा वि भवन निर्माण | रेनफोर्समेन्ट | १२१०९.२५ के जी | ११.७०पर केजी | चिरञ्जिवी विल्डर्स | १४१६७८ |
| पशुपति मा वि भवन निर्माण | पल्स्टर वर्क | १६८.२८ | ९७.५प्रति व्याग | चिरञ्जिवी विल्डर्स | ३४७८३ |
| कमल बजार कभर्ट हल | पि सि सि१:१.५ :३ | ४३.३७ घ मी | ९७.५प्रति व्याग | न्यूजलपा देवी निर्माण सेवा | ३३८२९ |
| कमल बजार कभर्ट हल | १:४ स्टोन मेशिनरी वईथ सिमेन्ट | १३९.८७घमी | ९७.५प्रति व्याग | न्यूजलपा देवी निर्माण सेवा | ५१८२१ |
| कमल बजार कभर्ट हल | रेनफोर्समेन्ट फर RCC | ७३८२.३९ के जी | ११.७० पर के जी | न्यूजलपा देवी निर्माण सेवा | ८६३७४ |
| | | | | **जम्मा** | ४२१३०० |

बोलपत्र सम्बन्धि २०७६।०१।११ मा प्रकाशित सूचनामा उल्लेखित अन्य १० ठेक्काको लागत अनुमान तयार गर्दा समेत उपरोक्त वमोजिम आईटम वाईज मुल्य अभिवृद्दकर समावेश गरी तयार गरेको र सोको भुक्तानीमा समेत १३ प्रतिशत थप गरी भुक्तानी भएको देखिंदा थप छानविन गरी वढी भुक्तानी भएको रकम असुल हुनु पर्दछ ।

४९. **परिमाण बढी मापन गरेको**:१०८।०७७।२।२ सार्वजनिक खरिद नियमावली २०६४को नियम १२३(ख) बमोजिम निर्माण कार्यको प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बिलको भुक्तानी गर्नु पर्ने व्यवस्था छ।नगरपालिकाले मुलि वेलखेत सडक निर्माणमा चेनेज नं. ००+००देखि ७+८९० सम्मको विभिन्न चेनेजमा ग्याविन बक्सको कामको दोहोरो मापन भएको र कामनै नभएको चेनेजको समेत काम भएको देखाई वास्तविक कार्य भन्दा वढी परीमाण मापन गरी भुक्तानी गरेको निम्नानुसार असुल गर्नु पर्ने देखिएको रु

बेरुजू रकम: १५७५७६५.०

| कामको विवरण | मापन भएको परिमाण घ मी | वास्तविक हुनु पर्ने परीमाण घ मी | बढी मापन गरेको परिमाण | भुक्तानी दर | असुल हुनु पर्ने रकम |
|---|---|---|---|---|---|
| **Ordinary Soil** | १९५४३.६६ | १४००२.८० | ५५४०.८६ | ६४.६० | ३५७९३९.५५ |
| **Hard soil** | १३०२३.१८ | ९३३५.२० | ३६८७.९८ | ९३.५० | ३४४८२६.१३ |
| **Ordinary rock** | ६५११.५९ | ४६६७. ६० | १८४३.९९ | १८०.०० | ३३१९१८.२० |
| **Hard rock** | ४३११.०६ | ३१११.७३ | ११९९.३३ | ३००.०० | ३५९७९९.०० |
| जम्माः | **४३३८९.४९** | **३१११७.७३** | **१२२७२.१६** | | **१३९४४८२.८८** |
| **जम्मा मु अ कर समेत** | | | | | **१५७५७६५।** |

५०. **टिपर खरिद**:१२३।०७७।२।२२ नगरपालिकाले ज्१ थान टिपर खरिद गर्ने कार्यको लागिरामारोशन राष्ट्रिय दैनिकमा ७ दिनको सूचना प्रकाशन गरे वमोजिम दर्ता भएको सिप्रिदि ट्रेडिङ प्रा लि ले कवोल गरेको

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | रु ४०,६०,०००।–मा २० दिन भित्र आपूर्ति गर्ने गरी २०७६।८।९मा संझौता भएकोमा २०७६।९।१ को विल वाट २०७७।१।२१मा जिन्सी दाखिला गरेको छ। सो सम्वन्धमा देखिएको व्यहोरा निम्न छन्। | |
| ५०.१. | **लागत अनुमानः**सार्वजनिक खरिद नियमावली २०६४को नियम ११ अनुसार मालसामानको लागत अनुमान तयार गर्दा नियम ९मा उल्लेखित कुराहरु र स्पेशिफिकेशनका अधिनमा रहि सम्बन्धित सार्वजनिक निकाय तथा अन्य सार्वजनिक निकायले चालु तथा अघिल्ला वर्ष हरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक दर, स्थानीय बजारको प्रचलित दरभाउ अन्य वजारको प्रचलित दरभाउ, तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेट समेतको विचार गरी लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था गरेको छ।नगरपालिकाले नियममा उल्लेखित कुराहरुको आधार नलिई लागत अनुमान तयार गरी सोही वमोजिम सूचना प्रकाशन गरेको देखिन्छ । यसरी लागत अनुमान तयार गर्दा नियममा उल्लेखित विषय हरुको विचार नगरी लागत अनुमान तयार हुंदा खरिद दरको वास्तविकता यकिन हुन सकेन । तसर्थ लागत अनुमान तयार गर्दा नियममा उल्लेखित कुराहरुको विचार गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ५०.२. | उपरोक्त वमोजिम टिपर खरिदको ठेक्का फाईल लेखापरीक्षणको क्रममा पेश हुन नआएकोले सो सम्वन्धमा थप विश्लेषण गर्न सकिएन। | |
| ५१. | **शिर्षक फरक पारेकोः**१२७।०७७।२।२८ नगरपालिकाले नगर सभावाट तय गरेको कार्यक्रम तथा शिर्षकमा खर्च गर्नु पर्नेमा सभाले सञ्चार व्यवस्थापन शिर्षकमा छुट्टाएको बजेट वाट ल्याप टप फर्निचर लगायतको विल पेश गरेको आधारमा बड्डी अछाम मिडिया प्रा लि लाई भुक्तानी गरेको अनियमित देखिएको रु | ४९२००२.० |
| ५२. | **शिवबक्ती आ.वि भवनः** १६५।०७७।३।१८ सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७(६)मा उपभोक्ताको हरेक किस्ताको भुक्तानीमा कामको प्राविधिक मुल्यांकन भई आएको आधारमा भुक्तानी दिन सकिने व्यवस्था गरेको छ ।उपभोक्ता समितिले पेश गरेको विलको आधारमा भुक्तानी दिएकोमा सोको मुल्यांकनमा सिमेन्टको दर प्रति व्याग रु १२१० को दरले मुल्यैकन गरेकोमा उपभोक्ताले मु अ कर समेत १०१७को विल पेश गरेको देखिएकोले वढी मुल्यांकन गरी भुक्तानी भएको रु १९,३००। – असुल हुनु पर्ने देखिएको रु | १९३००.० |
| ५३. | **प्रदेश सरकार समपुरक अनुदानः**<br>**दर बढी राखेकोः** सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७(६)मा उपभोक्ताको हरेक किस्ताको भुक्तानीमा कामको प्राविधिक मुल्यांकन भई आएको आधारमा भुक्तानी दिन सकिने व्यवस्था गरेको छ ।कालिका मा वि भवन निर्माण कार्यको भुक्तानीमा फर्म वर्कको कार्यमा २५६ वर्ग मीटरको प्रति वर्ग मीटर रु ५६०.३३ को दरले मुल्यांकन गरेकोमा भवन विभागको नर्मस अनुसार फर्म वर्कमा १६.६७ प्रतिशत मात्र एक पटकको लागि खर्च दावि गर्न पाईने व्यवस्था अनुसार प्रति वर्ग मीटर रु २५६.१४ मात्र खर्च दावि गर्न पाउने मा ४६६.२९ को दरले बढी भुक्तानी भएको रु ११९६१६। – असुल हुनु पर्ने देखिएको रु | ११९६१६.० |
| ५४. | **मु अ कर बढीः** ४।०७७।३।२९ मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले तोकिएको ढाँचामा रीतपुर्वकको कर विजक जारी गर्नुपर्ने व्यवस्था छ ।तसर्थ कर विजक जारी नगरी मु अ कर भुक्तानी दिन नमिल्ने देखिन्छ ।मनकामना मा वि भवन निर्माणको कार्यको भुक्तानीमा उपभोक्ताले Rainforcement वापत रु २८०४०१।भुक्तानी लगेकोमा रु १४७७०८।कोमात्र कर विजक पेश गरेको र पि सि१.२.४को लागि प्रयोग भएको सिमेन्ट ४४१ व्यागको मुल्यांकन गरकोमा १८९ व्यागकोमात्र कर विजक पेश गरेको देखिएकोले Rainforcement मा रु १३२६९३।र सिमेन्टमा ३०४९२०।समेत रु ४३७६१३।–को कर विजक वेगर भुक्तानी भएको देखिंदा सोमा लाग्ने म अ कर रु ५०३४४।असुल गरी मु अ कर दाखिला गर्नु पर्ने देखिएको रु | ५०३४४.० |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५५. | **करबिजक नभएकोः** पशुपति उ.मा.विको घेरापर्खाल निर्माण वापत रु १५४०५६०।को कार्य मुल्यांकन पेश भएकोमा आईरन गेट निर्माण वापत लम सम आईटमको रुपमा १,३०,०००। – खर्च दावि गरेको देखिएकोले गेट निर्माणमा खर्च शिर्षक नखुलाई लमसम खर्च दावि गर्न मिल्ने नदेखिएको रु | १३००००.० |
| ५५.१. | पि सि सि को लागि प्रयोग भएको सिमेन्ट २३५ व्यागको मुल्यांकन गरकोमा ११०० व्यागकोमात्र कर विजक पेश गरेको देखिएकोले सिमेन्टमा रु१६३३५०। – को कर विजक वेगर भुक्तानी भएको देखिंदा सोमा लाग्ने म अ कर रु १८७९२।असुल गरी मु अ कर दाखिला गर्नु पर्ने देखिएको रु | १८७९२.० |
| ५६. | **नाँपजाँच यथार्थ नभएकोः** ९५।०७६।१२।४ सार्वजनिक खरिद नियमावली २०६४को नियम १२३(ख) बमोजिम निर्माण कार्यको प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बिलको भुक्तानी गर्नु पर्ने व्यवस्था छ।फल्टान्ने तान्ती सडक स्तरोन्नतीको लागि ००+००देखि १+०२० सम्ममा ६४५६ घनमीटर मध्ये निम्नानुसार अर्थवर्कको कामको लागि रु ७,९२,८१३।२६को लागत अनुमान तयार गरी सोही वमोजिम उपभोक्ता समिति संग संझौता भएकोमा सोको मुल्यांकनमा समेत सोही लागत अनमानलाई नापिकतावको रुपमा रुपानत्रण गरी प्रमाणीत गरी भुक्तानी गरेको देखिएकोले कामको यथार्थ नाँपजाँच नभएको स्पष्ट हुन्छ । तसर्थ सो सम्वन्धमा छानविन गरी नाँपजाँच सहितको प्रतवेदन पेश हुनु पर्ने रु | ६५६१७२.० |

| माटोको प्रकार | परीमाण घ मी | दर | ल ई रकम | मुल्यांकन रकम |
|---|---|---|---|---|
| नरम माटो | ३२२८ | ६३.६६ | २०५५०३.५२ | २०५५०३.५२ |
| नरम चट्टान | १९३६. | ९३.७० | १८१४८८.४३ | १८१४८८.४३ |
| कडा चट्टान | १२९१.२ | ३१४.३० | ४०५८२१.३२ | ४०५८२१.३२ |
| जम्माः | ६,४५६.०० | | ७,९२,८१३।२६ | ७,९२,८१३।२६ |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५७. | **प्रधानमन्त्री रोजगार कार्यक्रम –** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन ।कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना कार्यान्वयन भएका छन् । साथै श्रमिकको संख्या पनि अधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक, नाला, निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १० वडाका ५०२ जनालाई रोजगारी उपलव्ध गराई रु. ५३९६२९७ खर्च गरेको छ ।लक्षित वर्गलाई १० दिनसम्ममात्र रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी श्रृजना भएको देखिंदैन।साथै श्रमिकहरुको पारिश्रमिक बैंकमार्फत मात्र भुक्तानी गरिनुपर्नेमा सो व्यवस्थ कार्यान्वयन गरेको छैन। | |
| | **नगरपालिकातर्फ चालु** | |
| ५८. | **मर्मत खर्चः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९६(१) मा मालसामान मर्मत गर्नुपर्ने भएमा सोको लागत अनुमान स्वीकृत गराउनु पर्ने र नियम ९६(३) मा पाँच हजार माथिका पार्टपूर्जा फर्नु पर्ने भएमा सोको जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले गाडी, मोटरसाईकल तथा डोजरको | |

<table>
<tr><th>दफा नं</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>मर्मतमा रु १४३५८९६.० खर्च गरेकोमा, मर्मत कार्यको लागत अनुमान तयार गरी स्वीकृत गरेको छैन भने फेरीएको पार्टपुर्जाको जिन्सी दाखिला गरेको छैन। नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार नभएको तथा फेरीएका पार्टपुर्जाको जिन्सी दाखिलासमेत नगरेकोले, खर्चको वास्तविकता यकिन गर्न सकिएन।</td><td></td></tr>
<tr><td>५९.</td><td>सहभागिता भत्ताः अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७५ को दफा ७.१.१५ मा कार्यक्रममा सहभागित भत्ता बापत प्रति दिन २०० का दरले भुक्तानी गर्ने उल्लेख छ। कार्यालयद्वारा संचालित देहायका कार्यक्रममा सहभागि तथा यातायात बापत रु ७०० का दरले भुक्तानी हुनुपर्नेमा, तोकिएकोभन्दा बढी रकम भुक्तानी भएकोले, बढी भुक्तानी भएको रु ५०००.० सम्बन्धितबाट असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौ.नं/मिति</th><th>कार्यक्रम</th><th>सहभागी संख्या</th><th>भुक्तानी भएको रकम</th><th>भुक्तानी हुनुपर्ने रकम</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td>४/२०७६/६/१२</td><td>स्वास्थ्य संस्थाहरुको मासिक बैठक</td><td>४२</td><td>३४९००</td><td>२९४००</td><td>५०००.०</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>५०००.०</td></tr>
</table></td><td>५०००.०</td></tr>
<tr><td>६०.</td><td>विद्यालय अनुदानः कार्यालयले नगरपालिका अन्तर्गत रहेका ३८ विद्यालयलाई दरबन्दी बाहेकका शिक्षक तथा अन्य कर्मचारी नियुक्त गरी तलब/भत्ता भुक्तान गर्ने प्रयोजनार्थ, वडा कार्यालयको सिफारिसका आधारमा रु ७६०९२००.० शिक्षण सहायता अनुदान निकासा गरेको छ। कार्यालयबाट प्राप्त विवरण अनुसार अधिकाँश विद्यालयमा शिक्षक आवश्यकभन्दा न्यून दरबन्दी भएतापनि, विद्यालय समायोजनका लागि नगरपालिकाले प्रयास गरेको छैन भने रकम भुक्तानीको लागी कार्यविधिसमेत बनेको छैन। दरबन्दीबाहेक शिक्षक नियुक्तीको आवश्यकता पहिचान नभई, कानुनी व्यवस्थाबेगर अनुदान निकासा गरेकोले, निजहरुको कार्यसम्पादन सम्बन्धमा अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>६०.१.</td><td>३९०/२०७७/१२/४, कार्यालयले बहुउद्देश्य कृषि समूहले दाना तथा औषधी, पोलिहाउस, पाईप र बिउबिजन खरिद बापत बिलका आधारमा रु २०००००.० भुक्तानी गरेको छ। संलग्न फाँटवारी अनुसार खरिद भएको सामग्री वितरणको भरपाई र लाभग्राही छनौटको निर्णय समेत पेश नभएकोले, खर्च पुष्टिको प्रमाण पेश हुनुपर्ने रु</td><td>२०००००.०</td></tr>
<tr><td>६१.</td><td>श्रोतव्यक्ति प्रोत्साहन खर्चः १७९/२०७६/९/२५, कार्यालयले यस नगरपालिकामा कार्यरत श्रोतव्यक्ति ऋषिकेष ढकाललाई प्रोत्साहन बापत थप रु १६३२०.० भुक्तानी गरेको छ। निजको तलब भत्ता नियमानुसार नेपाल राष्ट्रिय मा.वि मा भुक्तानी हुने गरेकोमा, थप प्रोत्साहन दिन मिल्ने नदेखिएकोले, तोकिएकोभन्दा बढी रकम भुक्तानी भएको आधार पेश हुनुपर्ने रु</td><td>१६३२०.०</td></tr>
<tr><td>६२.</td><td>बैठक भत्ताः ५४५/२०७७/२/२९, अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७५ को दफा ७.१.१ मा बैठक भत्ताको मापदण्ड अनुसार एकै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने उल्लेख छ। कार्यालयमा मात्र कार्यरत कर्मचारीमात्र सहभागी रहेको बोलपत्र मूल्याङ्कन समितिको ठेक्का नं KBM\07\076\77 को मूल्याङ्कनका लागी ६ पटकसम्मको बैठक भत्ता १० जना पदाधिकारीहरुलाई रु ७३१२५.० भुक्तानी भएको नियमसम्मत नदेखीएको रु</td><td>७३१२५.०</td></tr>
<tr><td>६३.</td><td>असम्बन्धितलाई भ्रमण खर्च भुक्तानीः २८७/२०७६/११/२०, भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(१) मा मुलुकभित्र आफ्नो कार्यालयभन्दा बाहिर भ्रमणमा वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता पाउने उल्लेख छ। कार्यालयले नगरपालिकासँग सम्बन्धित नभएका देहायका व्यक्तिहरुलाई(पत्रकार) निम्नानुसार रकम भुक्तानी गरेकोले, असम्बन्धित व्यक्तिलाई भुक्तानी भएको भ्रमण खर्च नियमसम्मत नदेखिएको रु
<table>
<tr><th>सि.नं</th><th>नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>मेनुका ढुँगाना</td><td>७५००.०</td></tr>
<tr><td>२</td><td>सुशिल भण्डारी</td><td>७५००.०</td></tr>
</table></td><td>१५०००.०</td></tr>
</table>

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | जम्मा \| १५०००.० | |
| ६४. | **डि.पि.आर निर्माणः** ६८५/२०७७/३/३१, कार्यालयद्वारा डि.पि.आर निर्माणबापत सेन्टर फर रिजिलियन्ट डिजाईन प्रा.लि लाई रु १६४७४४.० भुक्तानी गरेकोमा, सोको श्रेस्ता तथा निर्माण गरीएको डि.पि.आर समेत पेश नभएकोले, खर्च पुष्टिको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु | १६४७४४.० |
| ६५. | **स्वास्थ्य संस्थामा करार नियुक्तिः** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ।नगरपालिका अन्तर्गतका देहायका स्वास्थ्य चौकिमा, व्यवस्थापन सर्भेक्षणबिना स्वास्थ्य चौकि आफैंले दरबन्दी सिर्जना गरी, सो पदमा स्वास्थ्य चौकी र स्वास्थ्य व्यवस्थापन समिति अध्यक्षले करारमा कर्मचारी भर्ना गरेको छ।सो बापत निजहरुलाई तलब खुवाउन, वडाको सिफारिसमा, नगपालिकाले निम्नानुसार अनुदान भुक्तानी गरेकोले, अस्थायी दरबन्दी सिर्जना गरी, अधिकार नभएको पदाधिकारीले कर्मचारी नियुक्त गरी खर्च लेखेकोले नगरपालिकालाई व्ययभार बढ्न गएको रु<br>भौ.नं/मिति \| स्वास्थ्य संस्थाको नाम \| अनुदान रकम<br>५६४/२०७७/३/७ \| मष्टावण्डाली स्वास्थ्य चौकी \| ९००००.०<br>५७७/२०७७/३/१० \| मूली स्वास्थ्य चौकी \| १२२०००.०<br>५८९/२०७७/३/१८ \| कुईका स्वास्थ्य चौकी \| १०००००.०<br>**जम्मा** \| **३१२०००.०** | ३१२०००.० |
| ६६. | **अ.न.मि प्रोत्साहन कार्यक्रमः** ६३१/२०७७/३/२७, कार्यालयले वडा कार्यलयलको निर्णय अनुसार अ.न.मि प्रोत्साहन भनी कुईका सामुदायिक स्वास्थ्य ईकाईलाई रु १२००००.० भुक्तानी गरेको छ।नगरसभाबाट बिनियोजित बजेटमा उक्त कार्यक्रम उल्लेख नभएको तथा प्रोत्साहन वितरणका लागी मापदण्ड समेत नभएकोले, करार अ.हे.ब मात्र कार्यरत संस्थामा, भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु | १२००००.० |
| ६७. | **शिक्षण संस्थाहरुको सघन तथा संयुक्त अनुगमनः** ७/२०७७/३/२२, कार्यालयले शिक्षण संस्थाहरुको सघन तथा संयुक्त अनुगमन कार्यक्रम बापत श्रोतव्यक्ति ऋषिकेश ढकाललाई रु १०२००००.० भुक्तानी गरेको छ।यससम्बन्धमा देहायका व्यहोरा देखिएका छन्। | |
| ६७.१. | कार्यक्रम अन्तर्गत १७ जना पदाधिकारीहरुलाई नगरपालिकाको वडाहरुमा भ्रमण बापत रु १३७९००.० भुक्तानी भएकोमा, सम्बन्धित वडाहरुको दुरी प्रमाणित नभएकोले, दुरी प्रमाणितबिना दैनिक भ्रमण भत्ता भुक्तानी भएको नियमसम्मत नदेखिएको रु | १३७९००.० |
| ६७.२. | संलग्न फाँटवारी अनुसार चिया खाजा खर्चबापत रु ७३८००.० भुक्तानी भएकोमा, सोको बिजक पेश नभएकोले, खर्च पुष्टिको प्रमाण पेश हुनुपर्ने रु | ७३८००.० |
| ६७.३. | अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७५ को दफा ७.१.१५ मा कार्यक्रमको प्रतिवेदन लेखन बापत रु १०००.० भुक्तानी हुने उल्लेख भएकोमा, श्रोतव्यक्तिलाई सो बापत रु १००००.० भुक्तानी भएकोले, बढी भुक्तानी भएको रु ९०००.० सम्बन्धितबाट असुल गर्नुपर्ने रु | ९०००.० |
| ६८. | **कार्यसम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा सार्वजनिक निकायले निर्माण सम्पन्न भएको कार्यको कार्यसम्पन्न बनाउनु पर्ने उल्लेख छ।कार्यालयले देहायका विद्यालयलाई मर्मत तथा निर्माण कार्यबापत रु भुक्तानी गरेकोमा, सोको कार्यसम्पन्न पेश नभएकोले, निर्माण कार्यको नापजाँच गरी कार्यसम्पन्न पेश हुनुपर्ने रु<br>भौ.नं/मिति \| विद्यालय \| निर्माण कार्य \| भुक्तान रकम<br>४९१/२०७७/२/१ \| कृष्ण आ.वि \| कोठा मर्मत \| १०००००.० | २५००००.० |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ६३८/२०७७/३/२८ \| कालिका मा.वि \| गेट निर्माण \| १५००००.० | |
| | **जम्मा** \| २५००००.० | |
| | **सामाजिक सुरक्षातर्फः** | |
| ६९. | **सामाजिक सुरक्षा खर्चः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १५ बमोजिम कार्यालयले पेश गरेको विवरण अनुसार आ व २०७६।७७ मा १० वडामा सामाजिक सुरक्षा भत्ता बापत रु ८७५४२०००.० वितरण गरेको छ ।यस सम्बन्धमा देहायका व्यहोरा देखिएको छ। | |
| ६९.१. | **सामाजिक सुरक्षातर्फ बढी निकासा** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ मा लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको प्रमुखको हुने व्यवस्था गरेको छ ।वितरण भर्पाईको परिक्षण गर्दा जेष्ठ नागरिक भत्ता(अन्य)दोहोरो वितरण भएको,बालबालिका पोषण अनुदान भत्ता अन्तर्गत ५ वर्ष सम्मका बालबालिकालाई मात्र भत्ता वितरण गर्नुपर्नेमा ५ वर्ष उमेर पुगिसकेका बालबालिकालाई समेत देहाय बमोजिम भत्ता वितरण गरेको पाईयो ।लेखापरीक्षण योजना अनुसार परिक्षण गरिएका भौचहरुरमध्ये निम्नानुसार दोहोरो भत्ता वितरण देखाई बढी खर्च लेखेको रकम रु **१२०८००.०** सम्बन्धितबाट असूल हुनुपर्ने रु | १२०८००.० |

| वडा नं. २(बालबालिका पोषण अनुदान भत्ता) | | | | | |
|---|---|---|---|---|---|
| **नाम** | **जन्म मिति** | **अभिभावकको नाम** | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेस्रो चौमसिक** |
| महेन्द्र भण्डारी | २०७०-४-५ | धौली भण्डारी | १६०० | ०.० | ०.० |
| **वडा नं. ५(बालबालिका पोषण अनुदान भत्ता)** | | | | | |
| करिश्मा तिमिल्सैना | २०७०-४-१८ | सुर्जा तिमिल्सैना | १६०० | १६०० | १६०० |
| खेम चलाउने | २०७०-४-५ | लक्षिना चलाउने | १६०० | १६०० | १६०० |
| घनश्याम ढकाल | २०७०-७-२८ | भद्रकला ढकाल | १६०० | १६०० | १६०० |
| डिक प्रसाद उपाध्याय | २०७०-६-२८ | धिर्जदेवी उपाध्याय | १६०० | १६०० | १६०० |
| दिपक तिमिल्सिना | २०७०-११-१० | पवित्रादेवी तिमिल्सिना | १६०० | १६०० | १६०० |
| निशा चलाउने | २०७०-८-१८ | बासु चलाउने | १६०० | १६०० | १६०० |
| प्रकाश तिमिल्सिना | २०७०-१२-४ | देउरुपा तिमिल्सिना | १६०० | १६०० | १६०० |
| प्रतिक्षा उपाध्याय | २०७०-८-२० | मिना देवी उपाध्याय | १६०० | १६०० | १६०० |
| भावेश सञ्जयाल | २०७०-५-१२ | विष्णा सञ्जयाल | १६०० | १६०० | १६०० |
| मधुसुदन उपाध्याय | २०७०-९-२८ | रमिला उपाध्याय | १६०० | १६०० | १६०० |
| मनिसा चलाउने | २०७०-९-०८ | निर्मला चलाउने | १६०० | १६०० | १६०० |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| मेनका चलाउने | २०७०-१२-३० | जुना चलाउने | १६०० | १६०० | १६०० |
| मोहन चलाउने | २०७०-५-५ | जानिका चलाउने | १६०० | १६०० | १६०० |
| रमिता चलाउने | २०७०-११-३ | नौरता चलाउने | १६०० | १६०० | १६०० |
| रोशन चलाउने | २०७०-१०-१० | गोमा चलाउने | १६०० | १६०० | १६०० |
| ललिता चलाउने | २०७०-१०-१० | | १६०० | १६०० | १६०० |
| हंसकला चलाउने | २०७०-७-१८ | द्वारिका चलाउने | १६०० | १६०० | १६०० |
| हिमाल कामि | २०७०-७-१५ | थेकु कामि | १६०० | १६०० | १६०० |
| **वडा नं. ७(बालबालिका पोषण अनुदान भत्ता)** | | | | | |
| खिमा भण्डारी | २०७०-७-२४ | कासिस भण्डारी | १६०० | १६०० | १६०० |
| धनसरा अधिकारी | २०७०-१०-२५ | विष्णा अधिकारी | १६०० | १६०० | १६०० |
| रंगा खतिवडा | २०७०-५-२३ | मनादेवी जैसी | १६०० | १६०० | १६०० |
| **वडा नं. ७(जेष्ठ नागरिक भत्ता-अन्य ) - दोहोरो** | | | | | |
| थिउरे भण्डारी | १९९८-१२-३० | ना.नं- ९/२५८ | १२००० | ०.० | ०.० |
| **वडा नं. ७(बालबालिका पोषण अनुदान भत्ता) - दोहोरो** | | | | | |
| भवन देउवा | २०७२-१०-१० | | १६०० | ०.० | ०.० |
| मिना वि.क. | २०७३-८-७ | लालमति वि.क. | १६०० | १६०० | १६०० |
| | | | ५०४०० | ३५२०० | ३५२०० |
| **जम्मा** | | | १२०८००.० | | |

६९.२. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को १३मा नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेमा समयमै सो कार्य भएको छैन ।

६९.३. **बैंक मार्फत भत्ता वितरण नभएको:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को परिच्छेद ७ को दफा २२ मा स्थानिय तहले सर्शत अनुदानको सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम मन्त्रालयको स्वीकृती वेगर हातहातै नगद वितरण गर्न नपाइने उल्लेख छ ।नगरपालिकाले १० वटै वडामा तीनै चौमासीकमा बैकिङ्क प्रणाली मार्फत भत्ता वितरण नगरी स्वीकृती विना हातहातै नगद वितरण गरेको पाईयो ।यसरी वितरित सामाजिक सुरक्षा सम्बन्धित सेवाग्राहीले प्राप्त गरे नगरेको यकिन हुन सकेन ।कार्यविधिमा भएको व्यवस्था पालना गर्नुपर्दछ ।मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लगातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेखबाट कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा सामाजिक सुरक्षाको मुल अभिलेख तयार गरि पेश भएको छैन ।लाभग्राहीको अद्यावधिक विवरणका आधारमा मात्र सामाजिक सुरक्षा भत्ता निकासा हुने व्यवस्था कडाईका साथ लागु गर्नु पर्दछ ।

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **प्रकोप व्यवस्थापन कोष** | |
| ७०. | **कोभिड खर्चः** नगरपालिकाले प्रकोप व्यवस्थापन अन्तर्गत कोभिड महामारीको अवस्थामा श्रमिक मजदुरहरुलाई राहत वितरण गरेकोमा राहत वितरणका लागी नगरपालिकाले कार्यविधि तय गरेको छैन भने वडा सचिव मार्फत राहत वितरण गरीएको छ।लाभग्राही छनौटको निर्णयसमेत पेश भएको छैन।कार्यविधि एवम् निर्णयबिना राहत वितरण गरी खर्च गरेकोले, वास्तविक लाभग्राहीले राहत पाए भन्ने कुरा एकिन गर्न सकिएन। | |
| | **धरौटी** | |
| ७१. | **धरौटीको कारोबारः** कार्यालयको अभिलेख बमोजिम आ.व. को अन्तमा रु ४३७५२६०.० धरौटी मौज्दात देखिन्छ ।कार्यालयले धरौटी तर्फ गोश्वारा धरौटी खाता,व्यक्तिगत धरौटी खाता अद्यावधिक आय व्यय विवरण स्पष्ट गरी सो को आर्थिक विवरण तयार गर्नुपर्दछ । | |
| | **आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजुः** | |
| ७२. | ४२\२०७६\७\१७, नगर उपप्रमुख भूमिशरण ढकालले तिहार विदाको बेला मिति २०७६\७\५ देखि २०७६\७\११ मा समेत अनुगमन भ्रमण गई रकम भुक्तानी लिएकोले, अनुगमन प्रतिवेदन र भ्रमणको अन्य प्रमाण संलग्न गरिनुपर्ने रु | ५४००.० |
| ७३. | ८०\२०७७\३\११, स्मृति टेड्रर्स एण्ड सप्लायर्सको अग्रिम करकट्टी नभएको रु | ५९७.० |
| ७४. | २०७\२०७६\१०\२९, अहेव ईश्वर राज ढकाललाई सरुवा भ्रमण खर्च बापत बढी भुक्तानी | ८७४५.० |
| ७५. | ४०१\२०७६\१२\४, मिन बहादुर विष्टलाई भुक्तानी भएको रकममा पारिश्रमिक करकट्टी नभएको रु | १८००.० |
| ७६. | ५९३\२०७७\३\१९, पेश्की फछ्र्यौटको श्रेस्तामा अग्रिम करकट्टी नभएको रु | १५००.० |
| ७७. | **पेश्कि बाँकीः** आर्थिक कार्यविधि नियमावली, २०७४ को नियम ७४(३) मा पेश्की दिएको रकम म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्त सम्म फछ्यौट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने **रु** | ४३५०००.० |

| सि नं | पेश्कि लिनेको नाम | पद/ठेगाना | प्रयोजन | रकम रु |
|---|---|---|---|---|
| | **म्याद ननाघेको पेश्की** | | | |
| १ | राजन निर्माण सेवा | अछाम | मोबिलाईजेसन | १८३४३७८.०५ |
| | | | जम्मा | |
| | **म्याद नाघेको पेश्की** | | | |
| २ | ऋषिकेश ढकाल | कमलबजार | परीक्षा संचालन | १०००००.० |
| ३ | स.ई समशेर कार्की | कमलबजार | सफ्टवेयर खरिद | ३०००००.० |
| ४ | ह.स.चा बिरेन्द्र ब खड्का | कमलबजार | ईन्धन | ३५०००.० |
| | | | **जम्मा** | ४३५०००.० |

## कमलबजार नगरपालिका सञ्चित कोष विवरण — अनूसुची १

२०७६।७७

(रु हजारमा)

| क्र.स | स्थानीय तह | जिल्ला | आय | | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व बाडफाड | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजिगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | कमलबजार नगरपालिका | अछाम | १४०९० | ३२९२२३ | ५५६५७ | २६८० | १२९४२३ | ५३१०७३ | २५६८२३ | १४१९९१ | १०८६२० | ५०७४३४ | २३६३९ |

## बेरुजु वर्गिकरण( बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार) — अनूसुची २

२०७६।७७

(रु हजारमा)

| क्र.स | स्थानीय तह | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सै | ल | रकम | सै | ल | रकम | सै | ल | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिए को | जम्मा | कर्मचारी पेश्की | अन्य पेश्की | **जम्मा** |
| १ | कमलबजार नगरपालिका | ५० | ४७ | २६७०२ | ० | ० | ० | ५० | ४७ | २६७०२ | ३३६० | ६२१९ | १६६८८ | ० | ० | २२९०७ | ४३५ | ० | ४३५ |

## अद्यावधिक बेरुजु स्थिति — अनूसुची ३

२०७६।७७

(रु हजारमा)

| स्थानीय तह | गत बर्ष सम्मको वाँकी वेरुजु | समायोजन | सं प को लागि अनुरोध भइ आएको रकम | संपरीक्षण भएको रकम | संपरीक्षण गर्न नमिलेको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षसम्मको बाँकी रकम | यो वर्षको थप रकम | ५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु | ५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कमलबजार नगरपालिका | ५०५०६ | ० | ० | ० | ० | ० | ५०५०६ | २६७०२ | ७७२०८ | ६४७४ |